# मिति २०८०/११/२१ गते सोमबार, १५४ औं कार्यपालिका बैठक

## प्रस्तावहरुः

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।
२. नगर प्रमुखज्यूको विदेश भ्रमण स्वीकृत सम्बन्धमा।
३. आ.व. २०८०/८१को नगरस्तरीय दोस्रो त्रैमासिक सार्वजनिक सुनुवाई प्रतिवेदन अनुमोदन सम्बन्धमा।
४. योजना तथा कार्यक्रमको सुपरिवेक्षण प्रतिवेदन सम्बन्धमा।
५. कार्ययोजना स्वीकृत सम्बन्धमा। (LISA र FRA)
६. नमूना मा.वि. सेवार वनगाउँको रिक्त रहेको वि.व्य.स.को सदस्य मनोनयन सम्बन्धमा।
७. प्रदेश समपुरक योजना छनौट सम्बन्धमा।
८. म्याद थप सम्बन्धमा।
९. झोलुङ्गे पुल निर्माणका लागि स्थान छनौट सम्बन्धमा।
१०. असाधारण विदा स्वीकृतीका लागि सिफारिस गर्ने सम्बन्धमा। (पिताम्बर पुन, सव इन्जिनियर)
११. ग्राभेल प्रयोगका लागि अनुमती माग गर्ने सम्बन्धमा।
१२. जेष्ठ नागरिक दिवासेवा केन्द्रलाई भवन निर्माणको लागि स्थान उपलब्ध गराउने सम्बन्धमा।
१३. द्वन्द पिडित तथा यौन हिंसामा परेका महिलाहरु निःशुल्क स्वास्थ्य विमा सम्बन्धमा।
१४. खानेपानी पाइप उपलब्ध गराउने सम्बन्धमा।
१५. डिप बोरिङ संचालन सम्बन्धमा।
१६. विविध

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

Crisis Management Centre of Aston University, Birmingham, UKको निमन्त्रणामा OPPORTUNITIES AND BARRIERS TO LOCAL HARZARDS AND RISKS MONITORING AND GOVERNANCE in THE HIMALAYAS कार्यशाला गोष्ठीमा सहभागी हुन यस उपमहानगरपालिकाको तर्फबाट सहभागी हुनुहुने नगर प्रमुख श्री नरुलाल चौधरी ज्यूको मिति 12-14 May 2024 सम्म हुने बेलायत भ्रमण घोराही उपमहानगरपालिकालाई आर्थिक भार नपर्नेगरी स्वीकृत गर्ने साथै उक्त भ्रमण स्वीकृतीका लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१ को नगरस्तरीय दोस्रो त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका लागि समाजका लागि सञ्चार पैरवी नेपाल जिम्मेवारी दिएकोमा उक्त संस्थाबाट पेश भएको प्रतिवेदन माथि छलफल भई अनुमोदन गरियो।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकामा संचालित योजना तथा कार्यक्रमहरुको योजना अनुगमन जाँच पास तथा फरफारक समितिका संयोजक वा उपप्रमुखज्यूबाट अनुगमन प्रतिवेदन प्रस्तुत गर्नुभयो। प्रतिवेदनमा उल्लेख भएका विषयवस्तुहरुलाई थप प्रभावकारी ढंगले कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधि शाखाबाट निर्माण भई पेश भएको तपसिलका कार्ययोजनाहरु स्वीकृत गर्ने।

**तपसिलः**

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन संस्थागत सुधार कार्ययोजना २०८०

२. स्थानीय तह वित्तीय जोखिम न्यूनिकरण कार्ययोजना २०८०

**निर्णय नं. ६**

श्री बराहक्षेत्र मा.वि. सेवार वनगाउँ नमूना मा.वि.को नमूना विद्यालय व्यवस्थापन समितिका सदस्य लिलाधर स्वर्णकारले मिति २०८०।११।१३ गते राजिनामा दिई हुन गएको रिक्त पदमा घोराही उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५(पहिलो संशोधन) को दफा २०क को उपदफा (१) खण्ड (ग) मा व्यवस्था भए बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १३ का श्री मन बहादुर शाहीलाई मनोनित गर्ने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकामा आ.व. २०८१/०८२का लागि प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत सञ्चालन हुने योजना छनौट सम्बन्धमा तपसिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा प्रदेश सरकारमा आयोजना माग गर्ने ।

**तपसिलः**

१. वडा नं. १७ कर्जाहीदेखि धारापानी जोडने सडक पिच -७५ लाख
२. वडा नं. १७ चौघेरा गेटदेखि बर्गद्दी चोकसम्म सडक पिच – १ करोड
३. वडा नं. ६ लख्वारदेखि वडा नं. ५ कप्तान चोकसम्म सडक पिच — ७५ लाख
४. वडा नं. १४ रझेना चोकदेखि आर्मी ब्यारेकसम्म सडक पिच तथा नाला स्तरउन्नती -५० लाख
५. वडा नं. ४ गोग्ली चोकदेखि नगर अस्पतालसम्म सडक पिच- ५० लाख
६. बाहुनडाँडादेखि दह जोडने सडक निर्माण — ५० लाख
७. वडा नं. १३ वनगाउँ मा.वि. स्कुलदेखि वडा नं. १३र१६ जोडने वि.एम.वि. चोकसम्म सडक निर्माण - ५० लाख

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क र मिति २०८०।०३।२१ मा प्रकाशित सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को बाधा अड्काउ फुकाउने आदेश अनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/05/79/080 | सडक विभागदेखि भिङ्ग्रेली चोकसम्म सडक पिच घोराही उ.म.न.पा. वडा नं. १५ | जलजला मल्टिविजनेस कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०७९।११।३० | २०८०।०३।३१ | २०८०।०८।३० (पहिलो पटक म्याद थप गरिएको) २०८०।१२।३० (दोस्रो पटक म्याद थप गरिएको) |

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको मिति २०८०।०९।२६ गते बसेको १५२औं कार्यपालिका बैठकको निर्णय अनुसार वडा नं. १० अम्राईको भमैसोतादेखि जुरुट्टे खोलामा झोलुङ्गे पुल निर्माण गर्ने भनि निर्णय भएकोमा उक्त स्थानको स्थलगत सर्भेक्षण गर्दा झोलुङ्गे पुलको लम्बाइ १२० मिटर भन्दा बढी हुने भनि सेवा प्रतिष्ठान नेपाल तुलसीपुर ६ दाङले प्रतिवेदन पेश गरेको र १२० मिटर भन्दा बढी लम्बाई भएको झोलुङ्गे पुल निर्माण संघ सरकार अन्तर्गत पर्ने भएकोले उक्त स्थानको सट्टा वडा नं. ११ मुलखोलामा झोलुङ्गे पुल निर्माण गर्न स्थान छनौट गर्ने।

**निर्णय नं. १०**

यस कार्यालयमा कार्यरत इन्जिनियरिङ सेवा, सिभिल समूह, सव इन्जिनियर पाँचौ तहमा कार्यरत पिताम्बर पुनले आफु श्रीमती र छोरासहित विदेश जानका लागि असाधारण विदा माग गर्नु भएकोमा निजामती सेवा नियमावली २०५० को नियम ६२ को उपनियम ३ (ख) बमोजिम मिति २०८०।११।२७ गतेदेखि मिति २०८१।११।२६ गतेसम्म एक वर्षको असाधारण विदा स्वीकृति लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्न सामान्य व्यवस्थापन महाशाखालाई निर्देशन दिने।

**निर्णय नं. ११**

**११.१** घोराही उपमहानगरपालिका वडा नं. १३ मा पर्ने सेवार खोलामा जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय तुलसीपुर दाङबाट निर्माण भइरहेको तटवन्धन निर्माणका लागि आ.सि.सि. वाल निर्माण गर्दा निस्किएको करिब ४०० घ.मी. ग्राभेल सो स्थानबाट हटाउदा सदुपयोग समेत हुने भनि प्राविधिक प्रतिवेदन प्राप्त भए अनुरुप उक्त परिमाणको ग्राभेल १३ नं. वडामा उपभोक्ताबाट संचालन गरिने योजनाहरुमा प्रयोगका लागि जिल्ला प्रशासन कार्यालय दाङमा अनुमती माग गर्ने।

**११.२** घोराही उपमहानगरपालिका वडा नं. १३ र १४ जोडने नयाँ बसपार्क सेवारखोला पुलनेरको भागमा वर्षायाममा बालुवा थुप्रिने गरेको र उक्त पुलदेखि अन्दाजी ५० मिटर तल झिगौंरे कुलाको बाँध रहेकोले थुप्रिएको बालुवा झिगौंरे कुलामा गई कुलाको संरचना समेत बिग्रने अवस्था रहेकोले उक्त स्थानबाट २६४० घ.मी. थुप्रिएको बालुवा प्रयोग गर्न सकिने भनि प्राविधिक प्रतिवेदन समेत प्राप्त भएकोले वडा नं. १३ का खाल्टाखुल्टी रहेका सडक मर्मतका लागि प्रयोग गर्न जिल्ला प्रशासन कार्यालय दाङमा अनुमति माग गर्ने।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिकाको वडा नं. ८को वडा कार्यालय परिसरमा खानेपानी भवनको उत्तरतर्फ जेष्ठ नागरिक दिवासेवा केन्द्रलाई भवन निर्माणको लागि स्थान उपलब्ध गराउने भनि ८ नं. वडा कार्यालयको वडा समितिको मिति २०८०।११।१४ गते बसेको बैठकको निर्णयसहित ८ नं. वडा कार्यालयको च.नं.१४१४, मिति २०८०।११।११ गतेको पत्रबाट अनुरोध भई आएकोले माग भएको स्थानमा जेष्ठ नागरिक दिवासेवा केन्द्रको भवन निर्माणका लागि अनुमति दिने।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिका भित्रका द्वन्द पिडित तथा यौन हिंसामा परेका महिलाहरु तथा परिवारलाई निःशुल्क स्वास्थ्य विमा गर्ने निर्णय भएअनुसार विमा गरिएका तपसिल बमोजिमका ७ जना द्वन्द पिडितको आ.व. २०८०/८१को स्वास्थ्य विमा वापतको रकम रु.२४,५००।—(चौबिस हजार पाँच सय) घोराही उपमहानगरपालिकाको स्वास्थ्य संस्था सहायता शीर्षकबाट भुक्तानी गर्ने।

**तपसिलः**

१. बसन्ती चौधरी, घोराही उपमहानगरपालिका वडा नं. १२

२. बसन्ता चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ४

३. गिता चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ४

४. आशा कुमारी चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ७

५. सोमला चौधरी, घोराही उपमहानगरपालिका वडा नं. १०

६. रुपना चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ७

७. सुमारी चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ३

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका वडा नं. १४ स्थित कपासी बगिया टोल विकास संस्था र कपासीबगिया क टोल विकास संस्थामा खानेपानीको समस्या देखिएकोले उक्त स्थानमा २ वटा सार्वजनिक धारा जडानका लागि आवश्यक पाइप आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट खरिद गरी उपलब्ध गराउने।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकाको कृषि विकास शाखा अन्तर्गत रहेको चालु आ.व. २०८०/८१को बजेट शीर्षक अधुरो डिप बोरिङ सञ्चालन शीर्षकमा रु. १ करोड रकम विनियोजन भएकोमा उक्त बजेटबाट तपसिल बमोजिमका अधुरा आयोजनाहरु संचालन गर्ने।

**तपसिलः**

१. घोराही २ पलासे चोकदेखि उत्तरको बोरिङ रु.६,७४,७४४।-
२. घोराही १ काँडाखुटीको डिप बोरिङ रु.१०,४१,७१२ ।—
३. घोराहि ३ झिङ्नीको डिप बोरिङ रु.९,१०,२७२।—
४. घोराही ६ गुरुवागाउँको डिप बोरिङ रु.९,५६,२५२।—
५. घोराही ८ बुटनियाको डिप बोरिङ रु.१५,४९,४५९।—
६. घोराही ६ लखवारको डिप बोरिङ रु.१०,७५,७६५।—
७. घोराही ८ सौरीको डिप बोरिङ रु.७,८१,२२०।—
८. घोराही ५ जिम्वालगाउँको डिप बोरिङ रु.९,६१,२५५।—
९. घोराही ६ बेरगैंको डिप बोरिङ रु.१२,३७,२०७।—
१०. घोराही २ बलामपुरको डिप बोरिङ रु.५,५१,०७५।—
११. घोराही ९ एकलघरुवाको डिप बोरिङ रु.६,३३,०३७।-

**निर्णय नं. १६**

**१६.१** ठेक्का नं. NCB/WORKS/GSMC/22/079/080 वडा नं. १ अदुवावारीहुँदै भोटेदहसम्म सडक स्तरउन्नती कार्यका लागि कुल १६० मिटर लम्बाई सडक पिच गर्ने गरी टेण्डर आव्हान गरिएकोमा ०+०४० मिटर chainage देखि उत्तरतर्फ माटो फिलिङ गर्नुपर्ने सो ठाउँमा माटो रिटेन गर्नको लागि रिटेन्सन वाल अत्यावश्यक रहेकोले रिटेनिङ वाल लगाउदा ६०.९३ घ.मी. (RRM) को सट्टा १५४.१७ घ.मी. को कार्य गराउदा सडक पिचको लम्बाई १६० मिटर घटी ९५ मिटर मात्र कायम हुन आएको, बोल कबोल अंकमा नबढने गरी VO1 गर्दा Sub-base / base 160 मिटर नै गर्ने, Drain १५५ मिटर लम्बाई १६३ मिटर गर्ने गरी शुरु बोल कबोल अंकमा नबढने गरी सार्वजनिक खरिद नियमावली २०६४को नियम ११८(५) बमोजिम गठित विषेज्ञ समितिको सिफारिस बमोजिम VO1 स्वीकृत गर्ने।

**१६.२** घोराही उपमहानगरपालिकामा रहेको एम्बुलेन्स पुरानो तथा जिर्ण अवस्थामा रही एम्बुलेन्स सेवा संचालन गर्न नसकिएको हुँदा एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक १ वटा एम्बुलेन्स जनसंख्या तथा स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाण्डौमा माग गर्ने।

**१६.३** घोराही उपमहानगरपालिकामा खुला व्यायामशाला निर्माणका लागि आवश्यक सामाग्री उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौमा अनुरोध गर्ने।

**१६.४** अन्तर पार्टी महिला सञ्जाल दाङलाई अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा जिल्ला स्तरीय बृहत अन्तरक्रिया कार्यक्रम संचालनका लागि रकम रु.१८,०००।—(अठार हजार) खर्च भएको विल भर्पाई अनुसार घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१६.५** नेपाल लोकतान्त्रिक थारु संघ घोराही उपमहानगरपालिका कमिटी दाङलाई संगठनको प्रथम नगर सम्मेलनका लागि रकम रु.१०,०००।— खर्च भएको विल भर्पाई अनुसार घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१६.६** प्राज्ञिक विद्यार्थी परिषद नेपाल लुम्बिनी प्रदेशलाई चौथो प्रदेश अधिवेशनका लागि सहयोग स्वरुप रकम रु.१०,०००।— खर्च भएको विल भर्पाई अनुसार घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१६.७** लोकतान्त्रीक आदिवासी जनजाति महासंघ, नेपाल जिल्ला कमिटी दाङलाई दोस्रो अधिवेशनमा २० जना अधिवेशन प्रतिनिधि जानआउनका लागि यातायात र खानबस्नको लागि सहयोग स्वरुप रकम रु.२०,०००।— खर्च भएको विल भर्पाई अनुसार घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।